# जिल्ला प्रशासन कार्यालय रामेछापको
# खोला, नाला, ताल तलैयामा बालबच्चाहरुलाई नछोड्ने सम्बन्धि
# सूचना एवं अनुरोध ।

०२ जेष्ठ २०७७

यस जिल्लामा रहेका तामाकोशी लगायतका विभिन्न नदी, नाला, ताल तलैयाहरुमा बालबच्चाहरु पौडिने, माछामार्ने लगायतका निहुमा खोला किनारमा जाने र कतिपय अवस्थामा खोलाले बगाउने, तालमा डुब्ने र सोही कारणबाट मृत्यू समेत हुने घटनाहरु बढेको सन्दर्भमा यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

यसै सन्दर्भमा अव वर्षातको सिजन समेत सुरुवात भएको, खोलानाला एवं ताल तलैयाहरु समेत बढने क्रममा रहेको तथा कोरोना भाइरस (कोभिड-१९) को समेत संक्रमणको सम्भावना रहेको हुँदा सम्पूर्ण अभिभावकज्यूहरुले पूर्व सचेतना अपनाई आफ्ना बालबच्चाहरुलाई सकभर खोलानाला ताल तलैयाको किनारमा जान नदिने वातावरण सृजना गरी यस प्रकारका दुर्घटनाहरु हुन नदिन सम्बन्धित सबैमा जिल्ला प्रशासन कार्यालय रामेछाप हार्दिक अनुरोध गर्दछ ।

०७७।०२।०२

भास्कर दाहल
प्रशासकीय अधिकृत